# प्रदेश प्रमुख फेरबदल, निरंकुश चरित्र : समाजवादी पार्टी

**कल्याण संवाददाता**

काठमाडौं, १९ कात्तिक । सत्ता साझेदार समाजवादी पार्टी (सपा) ले प्रदेश प्रमुखहरूको बर्खास्तगी र नियुक्तिलाई सरकारको निरंकुश चरित्रको रुपमा व्याख्या गरेको छ । 'प्रदेशका गभर्नरको नियुक्तिरबर्खास्तगी दुवै वास्तविक संघीयताका मर्मविपरीत र दलीय रबर-स्ट्याम्बका प्रतीक हुन्', सपाका संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले सामाजिक सञ्जाल ट्विटरमा लेखेका छन्, 'वर्तमान सरकारको एकमनावादी, एकात्मक र निरंकुश चरित्रको पुनर्पुष्टि भएको छ ।'

कांग्रेस नेतृत्वको सरकारले ०७४ माघ ३ गते नियुक्त गरेका प्रा.डा. गोविन्दबहादुर तुम्बाहाङ (प्रदेश १), रत्नेश्वरलाल कायस्थ (प्रदेश २), अनुराधा कोइराला (प्रदेश ३) बाबुराम कुँवर (गण्डकी), उमाकान्त झा (प्रदेश ५), दुर्गाकेशर खनाल (कर्णाली) र मोहनराज मल्ल (सुदूरपश्चिम)लाई पदमुक्त गर्ने निर्णयपछि सपा अध्यक्ष भट्टराईले यस्तो धारणा सार्वजनिक भएको हो ।

सरकारले अमिक शेरचन, सोमनाथ अधिकारी प्यासी, तिलक परियार, धर्मनाथ यादव, गोविन्दप्रसाद कलौनी, विष्णु प्रसाई र शर्मिला त्रिपाठीलाई प्रमुख बनाउने निर्णय गर्दा आफूहरूसँग सल्लाह नै नगरेको सपा नेताहरूको गुनासो छ । प्रदेश प्रमुखहरूलाई पदमुक्त गर्दा पनि सत्ता साझेदार दलको नाताले आफूहरूलाई एक शब्द पनि नसोधेको सपाका नेताहरूको दाबी छ ।सपा महासचिव गंगानारायण श्रेष्ठ भन्छन्, 'कसको मान्छे पर्यो परेन भन्ने कुरा महत्वपूर्ण होइन, तर सत्तारुढ दल भएर पनि जानकारी समेत दिइन ।'

**आन्दोलनकारीलाई एक हुन आग्रह**

महासचिव गंगानारायण श्रेष्ठ संघीय सरकारको प्रदेश प्रमुख सम्बन्धी निर्णयले द्वन्द्व निम्त्याउने दाबी गर्छन् । 'यो सरकार अलोकतान्त्रिक बाटोमा जाँदैछ भन्ने संकेत हो' श्रेष्ठले अनलाइनखबरसँग भने, 'सबै निर्णय सेटिङमा भईरहेको छ की जस्तो लाग्छ ।'

कांग्रेस नेतृत्वको तत्कालिन सरकारले पनि प्रदेश प्रमुखहरूको नियुक्ति गर्दा सबैको सहमति नलिएर गरेको गल्ती र अहिलेको सरकारलाई फेरी अर्को गल्ती गरेको श्रेष्ठको भनाइ छ । उनी सरकार फेरिएपिच्छे प्रदेश प्रमुख फेरिने नजिर बसाल्दा राजनीतिक पद्धतिमै असर पर्ने बताउँछन् । पूर्वप्रधानमन्त्री समेत रहेका सपा अध्यक्ष डा. भट्टराईले सरकार एकमनावादी र एकात्मक भएको भन्दै आन्दोलनकारी शक्तिलाई एक हुन आग्रह गरेका छन् । 'सबै संघीयता पक्षधर लोकतान्त्रिक शक्ति गम्भिर बनौं' भट्टराईले लेखेका छन्, 'जनयुद्ध, मधेस, जनजाति, थारु, दलित आन्दोलनकारी एक होऔँ ।'

**सरकारमा बस्ने र नबस्ने निर्णय हुँदै**

उपप्रधानमन्त्री सहित स्वास्थ्य र शहर विकास मन्त्रालय पाएको सपा सरकारमा बस्ने कि बाहिरने भन्ने विषयमा विवाद छ । संविधान संशोधन गर्ने लिखित सहमति गरेर सरकारमा गएको थियो ।

त्यो सहमति कार्यान्वयन नभएकाले तुरुन्तै सरकारबाट बाहिरिनुपर्ने आवाज सपा भित्रै चर्को रुपमा उठेको छ । राष्ट्रिय जनता पार्टीका नेताहरूले पनि पार्टी एकताका लागि सपा सरकारबाट बाहिरिनुपर्ने शर्त राखेका छन् ।

सपाका अर्का महासचिव रामसहायप्रसाद यादव प्रदेश प्रमुख सम्बन्धी निर्णयले आफूहरूलाई सत्ताबाट बाहिरिन दबाव बढेको बताउँछन् ।




**खनियावास गाँउपालिका**
**गाँउकार्यपालिकाको कार्यालय**
**दार्खा, धादिङ**
**३ नं. प्रदेश, नेपाल**

**ढुंगा, गिट्टी, बालुवा विक्रीकर संकलन गर्ने ठेक्का वन्दोवस्ती सम्वन्धि १५ दिने सूचना ।**

(दोस्रो पटक प्रकाशित मितिः २०७६।०७।२०)

यस गाँउपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ बमोजिम पालिका स्तरीय राजश्व परामर्श समिति तथा कार्यापालिकाको मिति २०७६।०६।११ को निर्णय समेतको आधारमा आ.ब. २०७६/०७७ का लागि निम्न अनुसारको ढुंगा, गिट्टी, बालुवा संकलन कार्यबाट कर असुल गर्नु पर्ने भएकोले वोलपत्रदाताको गत आ.ब. सम्मको नवीकरण भएको दर्ता प्रमाण-पत्र, मू.अ.कर तथा २०७५/०७६ सम्मको कर तिरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी पेश गरि ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकेको अवधिभित्र रीतपूर्वकको शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुनका लागि १५ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम ठेक्का रकम | विक्री तथा निकासी दर प्रति घन फिट | बोलपत्र फारम दस्तुर | धरौटी/ जमानत रकम | फारम खरिद गर्ने अन्तिम मिति र समय | शिलवन्दी बोलपत्र फारम दाखिला गर्ने मिति र समय | शिलवन्दी बोलपत्र फारम खोल्ने समय | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०७६/०७७ राजश्व | खनियावास गाँउपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँखुखोला र लिस्नेखोलाको ढुंगा, गिट्टी, बालुवाको विक्रीकर संकलन तथा निकासी कर | रू २५,००,०००।- (पच्चीस लाख मात्र) | निकासी कर विक्री शुल्क प्रति घन फिट ९.०० (नौ रुपैया) आन्तरिक विक्री कर प्रति घन फिट ६.०० ( छ रूपैया) | रू ३,०००। (तीन हजार) | कबोल अंकको ५ प्रतिशत | १५ औं दिन कार्यालय समय भित्र | १६औं दिन दिनको १२.०० बजेभित्र | १६औं दिन दिनको २.०० बजे | आ.ब. २०७६/०७७ असार मसान्त सम्म |

ठेक्का सम्वन्धि शर्तहरूः

१. कबोल गरेको रकम एकमुष्ठ रूपमा सम्झौताका बखतमा बुझाएमा १० प्रतिशत रकम छुट दिन सकिनेछ ।
२. धरौटी बापतको रकम पालिकाको वैंक अफ काठमाडौंको खातानं. ०१८६००००००१४५२४ मा दाखिला गर्नु पर्ने छ ।
३. कारण जनाई वा नजनाई बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
४. ठेक्काका बिषयमा कुनै विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

..................
प्रमुख प्रशासकीय अधिकृत

..............
राजश्व शाखा



# सूचना

प्रत्येक सार्वजनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरुले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनु पर्नेछ।

**नेपाल सरकार**
**संचार तथा सूचना प्रविधि मन्त्रालय**
सूचना तथा प्रसारण विभाग



ADMISSION OPEN | Limited seats

# SAPTRISHI
## MULTIPLE COLLEGE
Rajbiraj-7 (Kharsal Tole)

+2 Commerce

B.B.A. | B.P.H.

M.Ed
English, Nepali, Maths, Health, Population, EPM

Cooming soon... M.B.A.

Affiliated by P.U.

सुविधाहरु :
- दक्ष प्राध्यापकहरुद्वारा अध्ययन अध्यापन गराईने।
- शान्त वातावरण तथा AC सुविधासहितको कक्षा कोठाको व्यवस्था।
-CCTV Camera को निगरानीमा अध्ययन अध्यापन गराईने।

principal
Saptarishi Multiple colege
Rajbiraj -7 (Kharsal Tole)
Ph.n.031-522043
Mob.9852821505, 9804700800, 9842823355

बीपीएच र वीवीएको धमाधम भर्ना भईरहेको छ। समयमै आफ्नो सिट सुरक्षित गर्नुहोस।



निर्धारित मोलभन्दा बढी मोल लिई वस्तु विक्री गरी कालोबजारी गर्ने, अत्याधिक मुनाफा लिने, माल वस्तुको विचलन जम्माखोरी तथा कृत्रिम अभाव सिर्जन ।गर्ने, झुक्याई विक्रि वितरण गर्ने जस्ता गैरकानूनी क्रियाकलापहरु नगरौं र नगराऔं।



## निम्न तरिका अपनाई सर्पदंशबाट बचौ र बचाऔं

१. घर तथा खेल मैदान वरपर सफा राखौं।
२. घर वरिपरि रहेका अनावश्यक प्वालहरु बन्द गरौं।
३. घर वरपर झाडि ढुङ्गा तथा ईटका टुक्रा वा काठका टुक्रा नराखौं।
४. रातको समयमा हिंडडुल गर्दा टर्च लाईट वा वतिको प्रयोग गरौं।
५. घर वाहिर निस्कदा खुट्टा ढाक्ने गरी कपडा वा जुता लगाउने वाणि वसालौं।
६. झुल टाँगेर मात्र सुत्ने गरौं।
७. भुईमा सुत्ने वाणी छाडौं।
८. केटाकेटीहरुलाई सर्प हुन सक्ने सम्भावित ठाउँमा जानवाट रोकौं।
९. सर्पले टोकेपछि धामि झाँक्रिको चक्कर/पछाडी नलागौं।
१०. जतिसक्दो छिटो नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लैजाऊ।

नोट :- सर्पले टोको ठाउँमा आगोले पोल्ने ब्लेडले चिर्ने, चिमोटने वेसार र चुना लगाउने जडिबुटी, झारेमौरे लगाउने आदि नगरौं।

जनहितमा
कल्याण पोष्ट दैनिक | सर्पदंश उपचार केन्द्र
खडक नपा ८, सप्तरी परिवार | खडक नपा ७, कल्याणपुर


प्रकाशक : जनमुखी पब्लिकेसन प्रा.लि., सम्पादक : माला कुमारी कर्ण, (९८४२८५२२८८) प्रबन्ध सम्पादक : जयप्रकाश चौधरी (९८२५७००६९४), सह–सम्पादक : अधिवक्ता ध्रुब कुमार मण्डल (९८०७७३११८३), व्यवस्थापक : सरस्वती चौधरी व्यवस्थापन सल्लाहकार डा. कैलाश प्रसाद साह, कानुनी सल्लाहकार : अधिवक्ता अजय कुमार चौधरी मुख्य कार्यालय : खडक नपा-८, विसनपुर चौक । सम्पर्क कार्यालय : राजविराज-१, बाल मन्दिर रोड फोन : ०३१-५२३७२८। Email : kalyanpostdaily@gmail.com मुद्रक : उषा अफसेट प्रेस, राजविराज-३